छलफल तथा निर्णयहरु

१. नेपाल सरकारको आ. व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रममा उल्लेख भएअनुसार राष्ट्रिय योजना आयोगबाट सम्पादन गरिने कार्यक्रमहरु समेटिएको वार्षिक कार्यान्वयन कार्ययोजनाको असोज मसान्तसम्मको प्रगति समिक्षा गर्दै यस अवधिसम्ममा तोकिएअनुसार सम्पन्न हुन बाँकी रहेका कार्यहरु लाई सम्बन्धित महाशाखा र विभागले द्रूत गतिमा अघि बढाउने र समय भित्रै सम्पन्न गर्न निर्देशन दिइयो ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिएको राष्ट्रिय प्राथिमकता प्राप्त आयोजनाहरुको द्रुततर निर्माण तथा विकास सम्बन्धी ऐन, २०७५ को बिधेयकको मस्यौदा उपर राय, सुझाव उपलब्ध गराउन प्राप्त भएको सम्बन्धमा माननीय सदस्य डा. कृष्णप्रसाद ओलीको संयोजकत्वमा माननीय सदस्य ई. सुशील भट्ट र माननीय सदस्य श्री मीनबहादुर शाही सहितको अध्ययन उपसमिति गठन गर्ने र उक्त समितिले तीन दिन भित्र आफ्नो राय सुझावसहित माननीय उपाध्यक्षज्यू समक्ष पेश गर्ने । उक्त समितिको अध्ययनका आधारमा माननीय उपाध्यक्षज्यू बाट निर्णय गरी आवश्यक राय पठाउने ।

३. आयोगको मिति २०७५।०१।२५ र मिति २०७५।०४।७ को बैठकको निर्णयअनुसार नयाँ संगठन संरचना स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएकोमा तत्कालीन समयमा नेपाल सरकार, मन्त्रीपरिषद्बाट छुट्टै संगठन संरचना स्वीकृत भई आएको हुँदा आयोगलाई प्राप्त कार्यदिश र जिम्मेवारीका आधारमा प्रभावकारी कार्य संपादनका लागि विद्यमान संगठन संरचनामा पुनरावलोकन गर्नु अपरिहार्य भएकोले संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सैद्धान्तिक सहमतिका लागि अनुरोध गर्ने। साथै, चालु आ.व. मा चौधौं योजनाको समिक्षा, नेपालको दीर्घकाकलीन सोचको तर्जुमा, पन्ध्रौं योजनाको आधारपत्र र विस्तृत योजना, नेपाल मानव विकास प्रतिवेदन, राष्ट्रिय तथ्यगत विवरण तयारी, दीगो विकास लक्ष्य कार्यान्वयन, प्रदेश तथा स्थानीयस्तरमा योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन लगायतका महत्वपूर्ण दूरगामी महत्व राख्ने कार्यहरु सम्पादन गर्नुपर्ने भएकोले सहसचिव (प्रशासन)-१ जना, उपसचिव(प्रशासन, सा.प्र.)-३ जना र शाखा अधिकृत(प्रशासन, सा.प्र.)- ६ जना लाई चालु आर्थिक वर्षसम्मका लागि काजमा खटाई पठाइदिन अनुरोध गर्ने । आयोगमा कामकाज गर्न कर्मचारी पठाउँदा नीति, योजना, विकास, आर्थिक, वित्तीय व्यवस्थापनजस्ता विषयमा वैदेशिक अध्ययनबाट फर्केका, अध्ययन अनुसन्धान र लेखपढमा रुचि राख्ने कर्मचारीलाई प्राथमिकता दिनसमेत अनुरोध गर्ने ।